# कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
**लुम्बिनी प्रदेश**

प.सं. :- २०७८/०७९
च.नं. :- १३४५

मिति: २०७८/११/०२

श्री वडा कार्यालयहरू (सबै),
कोहलपुर नगरपालिका, बाँके ।

विषय: बेरोजगार व्यक्तिको निवेदन संकलन/दर्ता गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७९/०८० का लागि **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना** तथा **युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनामा** संलग्न हुन चाहने तहाँ वडाका स्थायी बसोबास गरेका प्रत्येक नेपाली नागरिकहरूलाई रोजगारीको हक प्रत्याभूति गराउन तपशिलका मापदण्ड पुरा गरेमा बेरोजगार व्यक्तिको सूचीमा सुचिकृत हुन दिने निवेदन संकलन गरिदिनु हुन निर्देशनानुसार अनुरोध छ।

<u>तपशिल: बेरोजगार व्यक्ति दर्ता सम्बन्धी व्यवस्था</u>

१. १८ देखि ५९ वर्ष समूहको हुनु पर्ने,
२. निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्युनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुने पर्ने,
३. स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्युनतम एक सय दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक बराबरको आय(चालु आर्थिक वर्षको सन्दर्भमा रू. ५७,७००/-) भन्दा कम आय भएको हुनु पर्ने,

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

(टिकाराम ढकाल)
प्रमुख प्रशासकीय अधिकृत

वेब साइट: www.kohalpurmun.gov.np
ई-मेल:- info@kohalpurmun.gov.np
kohalpurmun@gmail.com